"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर , संखुवासभा

पत्र संख्या: २०८२/०८३
चलानी नं:

कोशी प्रदेश , नेपाल
मिति: २०८२/०३/३२

---

निशुल्क रोजगारमूलक सिप विकास कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सूचना ।

उपर्युक्त विषयमा राष्ट्रिय युवा परिषद को मिति २०८२।०८।०७ को सूचना अनुसार राष्ट्रिय युवा परिषद्ले विभिन्न विषयमा १६ देखि ४० बर्ष उमेर समूहका यूवाहरुका लागि निशुल्क तालिम आयोजना गरेको हुँदा इच्छुक यूवाहरुले परिषद्को वेवसाइटमा रहेको form.nyc.gov.np मा गएर online form भर्नुहुन साथै फारम भर्नका लागि वडा कार्यालयबाट सहजिकरण गर्नुहुन समेत अनुरोध छ ।

पुनश्च :
यस नगरपालिकाको आवश्यकता र स्वरोजगारको संभाब्यता समेतका आधारमा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताका लागि आवेदन दिनुहुन अनुरोध छ ।

बोदार्थ :
श्री वडा कार्यालयहरु (वडा नं. १ देखि ११) सूचना प्रबाह गरि सहभागी गराईदिनुहुन ।

२०८२/०८/२१ गते भित्र
भरिभराई सक्नु होला।

(ओमकार प्रसाद न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल
(........................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८२/८३
च.नं.: २४८

मिति: २०८२।०८।०७

निशुल्क रोजगारमूलक सिप बिकास कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्ने सम्बन्धी संशोधित सार्वजनिक सूचना ।

प्रस्तुत विषयमा यस परिषद्को आ. व. २०८२।०८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत बिभिन्न विषय क्षेत्रमा करिव ८०० युवाहरुका लागि रोजगारमूलक सिप बिकास तालिम कार्यक्रम रहेकोमा रोजगारमूलक सिप विकास तालिम कार्यक्रम संचालन मार्गदर्शन २०८१ बमोजिम निर्देशक समितिको मिति २०८२।०७।३० गतेको बैठकको निर्णयानुसार मिति २०८२।०७।३० गते प्रकाशन भई मिति २०८२।०८।०२ गते स्थगित गरिएको सूचना संशोधन सहित प्रकाशन गरिएको छ । तपसिल बमोजिमका तालिम कार्यक्रममा सहभागिताका लागि इच्छुक १६-४० उमेर समूहका युवाहरुले मिति २०८२।०८।२१ गतेभित्र परिषद्को वेवसाइट www.nyc,gov.np मा दिइएको फर्मको लिङ्क वा यसैसाथ संलग्न लिङ्क क्लिक गरी आवेदन पेस गर्नुहन अनुरोध छ ।

गेहनाथ गौतम
प्रशासकीय प्रमुख

तपसिल

| क्र.सं. | तालिमको नाम | न्युनतम योग्यता | घण्टा |
|---|---|---|---|
| १ | प्लम्बर | साधारण लेखपढ | ३९० घण्टा |
| २ | टेलर (सिलाइ कटाइ) | साधारण लेखपढ | ३९० घण्टा |
| ३ | असिस्टेन्ट ब्युटिसियन | साधारण लेखपढ | ३९० घण्टा |
| ४ | विल्डिङ ईलेक्ट्रिसियन | कक्षा ५ | ३९० घण्टा |
| ५ | वारिष्टा | साधारण लेखपढ | ३९० घण्टा |
| ६ | कुक ( कमिज III) | साधारण लेखपढ | ३९० घण्टा |
| ७ | सिकर्मी तथा डकर्मी (मेसन) | साधारण लेखपढ | ३९० घण्टा |

वेवसाइट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(........................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:
च.नं.:

| क्र.सं. | तालिमको नाम | न्युनतम योग्यता | घण्टा |
|---|---|---|---|
| ८ | ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | कक्षा ८ | ३९० घण्टा |
| ९ | मोटरसाइकिल सर्भिस मेकानिक | कक्षा १० | ३९० घण्टा |
| १० | विल्डिङ पेन्टर | साधारण लेखपढ | ३९० घण्टा |
| ११ | बारबर | साधारण लेखपढ | ३९० घण्टा |
| १२ | मन्टेश्वरी (ECD Facilitator) | SLC/SEE | ३९० घण्टा |
| १३ | बेकर | कक्षा ८ | ३९० घण्टा |

थप जानकारीहरू

१. तालिम सञ्चालन हुने स्थान मागका आधारमा संभव भएसम्म सबै प्रदेश समेट्ने गरी पछि तोकिनेछ । तालिमको विषयअनुसार एक केन्द्रमा २० जनासम्म सहभागीहरू हुनुपर्नेछ ।

२. जुनसुकै क्षेत्रमा अस्थायी वा स्थायी बसोवास गर्ने युवाहरुले पायक पर्ने स्थान छनौट गरी आवेदन गर्न सकिनेछ । सहभागी अपर्याप्त भएको स्थान र विषयमा तालिम संचालन नहुन सक्नेछ ।

३. आवेदन गरी रोजगारमूलक सिप विकास तालिम कार्यक्रम संचालन मार्गदर्शन २०८१ बमोजिम छनौट भएका प्रशिक्षार्थीहरूले अनिबार्य रुपमा पुरा समय तालिममा सहभागी हुनुपर्नेछ ।

४. छनौट भएपछि विशेष अवस्थामा बाहेक तालिममा अनुपस्थित भएमा यस परिषद्‌बाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधामा बञ्चित गरिनुका साथै तालिमको प्रतिव्यक्ति लागत बराबरको रकम निजबाट असुलउपर गर्न सकिनेछ ।

**५. अनलाइनबाट भरिएको आवेदनलाई मात्र मान्यता दिइनेछ ।**

६. मिति २०८२।०७।३० गतेको सूचनाअनुसार आवेदन पेश गरि सकेकाले पुनः फाराम भर्नुपर्ने छैन ।

२०८२/८/६
प्रशासकीय प्रमुख